**मिति २०७७ साल चैत्र १ गते आइतबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको १५ औं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. सभाहल निर्माणस्थल व्यवस्थापन सम्बन्धमा ।

२. अस्पताल निर्माणको लागि जग्गा खरिद (निःशुल्क) सम्बन्धमा ।

३. अल्लो कपडा उद्योग अनुदान सम्बन्धमा ।

४. आरन सुधार कार्यक्रम सम्बन्धमा ।

५. आ.व. २०७६/)७७ को म.ले.प. प्रतिवेदन माथि छलफल सम्बन्धमा ।

**निर्णयहरुः**

## निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको सभाहल निर्माण स्थल, व्यवस्थापनको लागि पेश भएको प्राविधिक ल.ई. अनुसार गा.पा. अनुदान रकम रु. ४,५५,०००/- विपद व्यवस्थापन खर्च शीर्षकबाट भुक्तानी दिने गरी निर्माण तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. १५ शैयाको अस्पताल निर्माणको लागि पूर्व निर्धारित जग्गा अपुग भएको र अस्पताल निर्माणको लागि आवश्यक जग्गा १५ रोपनी निःशुल्क उपलब्ध गराउन चेवन राजभण्डारी मञ्जुर भएकोले उक्त जग्गा अस्पताल निर्माणको लागि लिने निर्णय गरियो ।

## निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा अल्लो कपडा उद्योग राखालाई अल्लो संकलन गर्नको लागि आयोजना कन्टेन्जेन्सीबाट रु.१,५००,०००/- भुक्तानी दिने निर्णय पारित गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. वडा नं. ७ मा रहेको आरन सुधार कार्यक्रमको लागि श्री सार्के वि.क.को छोरा ओम बहादुर वि.क.लाई चालु विविध खर्च शीर्षकबाट सामाग्री खरिदको लागि रु.१,००,०००/- भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. को आ.व. २०७६/०७७ को वार्षिक लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन माथि छलफल गरियो । उक्त प्रतिवेदनमा उठेका सवालमा ३५ दिनभित्र सम्परीक्षणको लागि प्रमाण पेश गर्ने निर्णय गरियो ।

**मिति २०७७ साल चैत्र २० गते शुक्रबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको १६ औं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरु**

१. राष्ट्रपति रनिङ शिल्डको खर्च व्यवस्थापन सम्बन्धमा ।

२. विस्क्याम खोला मुहान खानेपानी योजना रद्द गर्ने सम्बन्धमा ।

३. विद्युत पोल ढुवानीको रकम भुक्तानी दिने सम्बन्धमा ।

४. स्वास्थ्य शिविर संचालन र खाना खर्च भुक्तानी सम्बन्धमा ।

५. प्रदेश सरकारमा पेश गर्ने समपुरक अनुदानका योजना छनौट सम्बन्धमा ।

६. खरिद गरिने पाईप तथा जस्ताको दररेट सम्बन्धमा ।

७. जलेश्वरी पेल्ट्रीक सेटको मर्मत सम्भार र रकम भुक्तानी सम्बन्धमा ।

८. ऐसेलुखर्क गा.पा. को आ.व. २०७६/०७७ को सस्थागत क्षमता स्वमूल्याङ्कन प्रतिवेदन अनुमोदन सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राष्ट्रपति रनिङ शिल्ड २०७७ को लागि तत्काल रकम निकासा नभएकोले हाल खेलकुद संचालनको लागि खेलकुद शीर्षकबाट रु.२,००,०००/- खर्च गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्च गा.पा. वडा नं. २, विस्काम मुहान गरी ऐसेलुखर्क खानेपानी योजना संचालन गर्न डि.पि.आर. भई रकम समेत निकासा भएकोमा मिति २०७७ साल चैत्र १६ गते सरोकार समूह र गा.पा. बीच भएको सम्झौता अनुसार उक्त खानेपानी योजना रद्द गर्ने सहमती भएकोले उक्त खानेपानी योजना रद्द गर्न जिल्ला खानेपानी कार्यालय दिक्तेलमा सिफारिस गर्ने र सरोकारवाला समूहलाई जानकारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. वडा नं. ७ नोरुङमा गत आ.व. मा विद्युत पोल दुवानीको रकम भुक्तानी गत आ.व. मा नै गरिएकोमा सरोकारवाला व्यक्तिले चेकको रकम बैंकबाट नसाटेकोले चेक बराबारको रकम विविध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४.**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०७८/०१/०४ गते संचालन हुने स्वास्थ्य शिविरलाई भव्यताका साथ संचालन गर्ने सो शिविरको लागि सबै वडामा प्रचारप्रसार गर्ने र उक्त शिविरमा खाना खर्च वापत लाग्ने रकम गा.पा. बाट बेहोर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेश सरकारको समपूरक अनुदानमा संचालन गर्ने गरी आ.व. २०७८/०७९ को लागि योजना पेश गर्न पत्राचार भएकोमा निम्न अनुसारको आयोजना सिफारिस गर्ने निर्णय गरियो ।

१. लिदिङ खोला मोटरेवल पुल निर्माण, विगतकोलाई निरन्तरता दिने ।

२. ऐसेलुखर्क माक्पा रावाखोला सडक निर्माण योजनाको लागि पेश गर्ने ।

**निर्णय नं. ६.**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. को स्वीकृत दररेट अनुसार बजार दरभाउ बढी रहेकोले पेश भएको बजार भाउ अनुसार नै पाईप खरिद गर्न स्वीकृति दिने निर्णय गरियो । आजका मितिबाट ल.ई. भई सम्झौता हुने उपभोक्ता समितिमा पनि १६ एम.एम. १० के.जी. पाईप रु. ३०/५१ प्रतिमिटर मू.अ.कर सहित, २० एम.एम. १० पि.एन. पाईप रु. ४४/६४ प्रतिमिटर मू.अ.कर सहित, ३२ एम.एम. १० पि.एन. पाईप रु. ७४/५८ प्रतिमिटर मू.अ.कर सहित ।

जस्तापाता सेमतको स्वीकृत दररेट गा.पा. को स्वीकृत दररेटभन्दा बढी भई कार्य संचालन गर्न असहज भएकोले बजार दररेट अनुसार खरिद गर्न स्वीकृत दिने निर्णय गरियो । उक्त जस्तापाता ४० एम.एम. को लाई आधार मान्ने र सो भन्दा घटीको खरिद नगर्ने, नगराउने निर्णय गरियो ।

**निर्णय नं. ७.**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा जलेश्वरी सिम्ले टोल पेल्टीक सेट क्षति भएको भनी पेश भएको सम्बन्धमा प्राविधिक खटाई प्राप्त ल.ई. मूल्याङ्कनको आधारमा विपद व्यवस्थापन खर्च शीर्षकबाट राहत स्वरुप रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्रदेश सरकारको प्राविधिक सहयोगमा ऐसेलुखर्क गा.पा. को आ. व. २०७६/०७७ को कार्य सम्पादनको संस्थागत स्वमूल्याङ्कन प्रतिवेदन सर्वसम्मत अनुमोदन गरियो ।

**मिति २०७८ साल बैशाख ०२ गते बिहीबार बार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको १७ औं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरु**

१. अस्पतालको निर्माण गर्न राम कुमार कालीकोटेको मुवाब्जा निर्धारण भएको जग्गा खरिद प्रकृया बद्दर गर्ने सम्बन्धमा ।

२. अस्पताल निर्माणको लागि निःशुल्क जग्गा खरिद सम्बन्धमा ।

३. कृषि पकेट क्षेत्र कार्यक्रमको लाभग्राही छनौट सम्बन्धमा ।

४. नेत्रज्योति सेवा संचालन सिफारिस सम्बन्धमा ।

५. संघीय सरकारबाट प्राप्त सशर्त अनुदान (शिक्षा) उपलब्ध गराउने सम्बन्धमा ।

६. पहिरो र आगलागी पिडितलाई पाईप उपलब्ध गराउने ।

७. राष्ट्रपति रनिङ शिल्डको रकम भुक्तानी सम्बन्धमा ।

८. ऐसेलुखर्क बगाले राखा सडकमा थप रकम भुक्तानी सम्बन्धमा ।

**निर्णयहरुः**

## निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क प्रा.स्वा. केन्द्रमा १५ बेडको अस्पताल निर्माण गर्न भनी यस कार्यालयको अनुरोधमा जिल्ला मुआब्जा निर्धारण समितिको कार्यालय खोटाङ दिक्तेलबाट निर्धारण तथा स्वीकृत भएको राम कुमार कालीकोटेको नाममा रहेको कि.न. ७७८, क्षेत्रफल ३-८-०-० भएको जग्गा हाल आवश्यक नरको हुँदा उक्त मुआब्जा निर्धारण प्रकृया रद्द गर्न जिल्ला प्रशासन कार्यालय खोटाङ दिक्तेलमा सिफारिस गर्ने निर्णय पारित गरियो ।

## निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. १५ शैयाको अस्पताल निर्माणको लागि गा.पा. को माग अनुसार निःशुल्क जग्गा प्रदान गर्नुहुने तपसिलका जग्गादाताहरुलाई हार्दिक धन्यवाद दिँदै उक्त दाताबाट दिएको जग्गा स्वीकार गर्ने निर्णय गरियो ।

१. परशु राजभण्डारी-२ कित्ता, क्षेत्रफल ४-८-०-३

२. लक्ष्मी देवीश्रेष्ठ (रा.भ)- १ कित्ता, क्षेत्रफल १-१२-०-०

३. राम कुमार कालीकोटे-१ कित्ता, १-१०-

## निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण पकेट विकास कार्यक्रम अनुसार प्राविधिक समितिले पेश गरे बमोजिम तपसिलका कृषि फार्म तथा समूहहरुसँग कार्यक्रम सम्झौता गरी पकेट कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**बाखा पकेट कार्यक्रमतर्फ**

| क्र.स. | समूह तथा फर्मको नाम | अध्यक्षको नाम | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| १. | अनुग्रह बाखा फर्म | कृतिशेर राई | ९८६१३९५९८३ | |
| २. | प्रदिम बाखा फर्म | मन बहादुर राई | ९७४१७६०५५ | |
| ३. | गैरिघर बाखा फर्म | सन्देश राई | ९८११७४१०१४ | |
| ४. | लम्साल बाखा फर्म | दिपक लम्साल | ९८२६७६७३५६ | |
| ५. | कोइराला बाखा फर्म | दिर्पनारायण कोइराला | ९८५११४३६०० | |
| ६. | नव शिर्जना कृषक समूह | इश्वरा अधिकारी | ९८६१७३२६३२ | |

| | | | | |
|---|---|---|---|---|
| ७. | नव प्रगतिशिल कृषक समूह | जोसेफ राई | ९८४११६२६६५ | |
| ८. | मेहनति कृषक समूह | रामकाजी श्रेष्ठ | | |
| ९. | केराबारी कृषक समूह | इन्द्रा के.सि. | | |
| १०. | नेपाने एकता कृषक समूह | सुरेश राई | | |
| ११. | नवकिरण कृषक समूह | रोषण राई | | |
| | जम्मा | | | |

**धान पकेट कार्यक्रमतर्फ**

| क्र.स. | समूह तथा फर्मको नाम | अध्यक्षको नाम | सम्पर्क नम्बर | धान लगाएको क्षेत्रफल |
|---|---|---|---|---|
| १. | सकृय कृषक समूह | नर बहादुर कार्की | ९८१७७१७९८८ | ६४३ रोपनी |
| २. | रावा चइन्टार कृषक समूह | राम बहादुर निरौला | ९८०८१७३८४१ | १८६ रोपनी |
| ३. | सम्झना एकिकृत कृषक समूह | रत्न कुमारी राई | ९८२५७८४६०४ | २३६ रोपनी |

**आलु पकेट कार्यक्रमतर्फ**

| क्र.स. | समूह तथा फर्मको नाम | अध्यक्षको नाम | सम्पर्क नम्बर | आलु लगाएको क्षेत्रफल |
|---|---|---|---|---|
| १. | लेकाली कृषक समूह | डीमा तामाङ | | २१.५ हेक्टर |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. दुर्गम क्षेत्रमा रहेको र दूर दराजमा रहेका जनता आँखा रोगबाट पिडित रहेकाले नेत्रज्योति संघ, लाहानलाई प्राविधिक कर्मचारी, आवश्यक भौतिक सामाग्रीलगायत सामाग्री सहित शाखा सेवा संचालन गरिदिन अनुरोध गर्ने निर्णय गरियो । उक्त कार्यको लागि कार्यालय, भौतिक साधनको व्यवस्थापन गाउँपालिकाले गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संघीय सरकारको सशर्त अनुदानमा प्राप्त भएको तपसिल अनुसारको रकम तपसिलका विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

१. जाल्पा मा.वि. बाकाचोल- आई.सि.टी. ल्याव- रु.६,५०,०००/-

२. कालिका बालविकास मा.वि. राखा-विज्ञान प्रयोगशाला- रु. ६,५०,०००/-

३. शिशु मा.वि. महेश्वरी - पुस्तकालय व्यवस्थापन- रु. ६,५०,०००/-

४. शान्तोदय मा.वि. ज्यामिरे, उ.शि. अनुदान- रु.२,००,०००/-

५. अंग्रेजी, गणित, विज्ञान किट्स

क. रा.प्र.प्रा.वि., ऐसेलुखर्क रु.५०,०००/-

ख. गुँरास आ.वि., जलेश्वरी रु. ५०,०००/-

ग. मयूर आ.वि., महेश्वरी रु. ५०,०००/-

घ. मानुका आ.वि., माक्पा रु.५०,०००/-

## निर्णय नं. ६.

प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडा नं. ६ ज्यामिरेमा पहिरो र आगोलागीबाट खानेपानी पाईप क्षती भएको भनि माग भएकोले प्राविधिक ल.ई. गरी आवश्यकता अनुसार राहत स्वरुप पाईप उपलब्ध गराउने (निवेदक रमेश राई-डढेलो प्रभावित, प्रभात राई समेत पहिरो प्रभावित) उक्त पाईप गा.पा. ले खरिद गरी दिने निर्णय पारित गरियो । उक्त पाईप विपद कोषबाट खर्च गर्ने निणर्य गरियो ।

## निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा बाट राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा दिक्तेलमा सहभागी हुन जाने सहभागी खाना, खाजा, आतेजाते समेतको लागि खेलकुद शीर्षकबाट रु. २,२०,०००/ उपलब्ध गराउने र टिम संयोजक श्री विचारी तामाङमार्फत पठाउने ।

क. जिल्ला खेलकुद कार्यालयबाट संचालन गर्ने राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा खेलाडीसहित सहभागी हुन ताइकोन्द खेलको लागि खेलकुद शीर्षकबाट रु.८०,०००/- भुक्तानी दिने र सो खेल संयोजकको रुपमा नविन सुनुवारलाई पठाउने निर्णय पारित गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल  गर्दा ऐसेलुखर्क बगाले राखा सडक निर्माणको लागि कार्य थप भएकोले गा.पा. बाट सात थान तारजाली दिने र तारजाली भर्न गा.पा. विविध कोष खर्च शीर्षकबाट रु. ४०,०००/- रकम उपलब्ध गराउने निर्णय गरियो ।

**मिति २०७८ साल बैशाख २४ गते शुरबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको १८ औं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. विपद व्यवस्थापन कोभिड-१९ को रोकथाम, नियन्त्रण र सुरक्षा व्यवस्थापन सम्बन्धमा ।
२. वडागत बजेट सिलिङ आ.व. २०७८/०७९ को लागि बाँडफाँड सम्बन्धमा ।
३. राष्ट्रिय प्रजातन्त्र आ.वि. फर्निचर तथा सिलिङ निर्माण सम्बन्धमा ।
४. ऐसेलुखर्क कन्स्ट्रक्सन एण्ड सप्लायर्स ऐसेलुखर्क-३ लाई घ वर्गको ईजाजत-पत्र दिने सम्बन्धमा ।
५. बेरोजगार व्यक्तिको आ.व. २०७८/०७९ को विवरण सूचीकृत गर्ने ।
६. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिस्नेदेखि टावरसम्म जाने पर्यटन मार्गको रकम बाँडफाड सम्बन्धमा ।
७. जेनेरेटर खरिद सम्बन्धमा ।
८. ऐसेलुखर्क माक्पा रावाखोला सडक मर्मत सम्बन्धमा
९. त्रिभुवन मा.वि. देखि बौद्द आधारभूत सम्मको सडक मर्मत
१०. राखा सुम्तेल सडक निर्माण अपूग रकम भुक्तानी सम्बन्धमा
११. देसारे खानेपानी मुहान संरक्षण सम्बन्धमा
१२. ब्यारेक ओढारे दिम्मा पातेल सडक मर्मत सम्बन्धमा

**<u>निर्णयहरुः</u>**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/०१/२२ गते विपद व्यवस्थापन समितिको निर्णयलाई अनुमोदन गरियो । साथै कोभिड-१९ बाट सुरक्षित रहनको लागि २०७८/०१/२५ देखि २०७८/०१/३१ सम्म यातायात, बजार बन्द गर्ने र अति आवश्यक काम बाहेक सरकारी कार्यालय, संघसस्था, बैंक तथा वित्तीय संस्थाको कामकाज नगर्ने नगराउने, संक्रमणबाट बच्न सबै नागरिकलाई सचेत गराउने, जानकारी दिने, प्रचारप्रसार गर्ने गराउने निर्णय गरियो । शिक्षातर्फ विद्यालय प्रत्यक्ष रुपमा पठन-पाठन नगराउने, परीक्षालगायतका कार्य रोग संक्रमण नियन्त्रण वा कम नभएसम्म नगर्ने तर विद्यालयका प्रशासनिक कामकाज खुला राख्ने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७८/०७९ को लागि निम्नानुसार बजेट सिलिङ बाँडफाँड गर्ने निर्णय गरियो । क्षेत्रगत कार्यक्रम सहित

वडा नं. १, राखा रु. ७५,००,०००/-

वडा नं.२, बाकाचोल रु. ७५,००,०००/-

वडा नं. ३, ऐसेलुखर्क रु. ७५,००,०००/-

वडा नं. ४, जलेश्वरी रु. ६५,००,०००/-

वडा नं. ५, महेश्वरी रु. ७०,००,०००/-

वडा नं. ६, ज्यामिरे रु. ६०,००,०००/-

वडा नं. ७, माक्पा रु. ७०,००,०००/-

जम्मा रु. ४,९०,००,०००/-

उक्त बजेट मध्यबाट वित्तीय समानिकरणबाट ८० प्रतिशत र आन्तरिक श्रोतबाट २० प्रतिशतको अनुपातमा बजेट तथा कार्यक्रम तयार गर्नुपर्ने छ । बजेट तथा कार्यक्रम तयार गर्दा म.ल.नि.का. ले तोकेको क्षेत्रगत बजेट बाँडफाँड अनुसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राष्ट्रिय प्रजातन्त्र आ.वि. दिम्मा पातेलको लागि भैपरी आउने पूँजिगत खर्च शीर्षकबाट रु. १,००,०००/- खर्च गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क कन्स्ट्रक्सन एण्ड सप्लायर्स इजाजत पत्र पाँउ भनि राम बहादुर राई र हर्क बहादुर सुनुवार समेतले यस कार्यालयमा पेश गरेको कागजात प्रमाण, प्राविधिक शाखाबाट पेश भएको प्रतिवेदन अनुसार घ वर्गको निर्माण व्यवसायी ईजाजत-पत्र सम्बन्धी कार्यविधिको अनुसूची-५ बमोजिमको प्रकृया पुरा भएकोले दर्ता गरी ऐसेलुखर्क कन्ट्रक्सन एण्ड सप्लायर्स ऐसेलुखर्क-३ ईजाजत पत्र दिने निर्णय सर्वसम्मत पारित गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गा.पा. अन्तर्गतका विभिन्न वडाबाट दर्ताको लागि पेश भएको बेरोजगारहरुको सूची निम्नानुसार रहेकोले स्वीकृत गरियो ।

वडा नं. १- ५५ जना

वडा नं. २- १० जना

वडा नं. ३- ६५ जना

वडा नं. ४- २७ जना

वडा नं. ५- १०२ जना

वडा नं. ६- ६८ जना

वडा नं. ७- १३९ जना गरी जम्मा ४६६ जना

## निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा २०७७ फाल्गुण-६ गते भएको निर्णय अनुसार सिस्नेबाट टावरसम्म जाने पर्यटन पैदल मार्ग निर्माण गर्न रु. १४,९९,३००/- प्रधानमन्त्री रोजगार कार्यत्क्रमबाट विनियोजन गरिएकोमा हालसम्म काम नभएकोले उक्त रकम निम्नानुसार आयोजनामा बाँडफाँड गर्ने निर्णय गरियो ।

वडा नं.१, लिदिङखोला राखा वडा कार्यालय सडक मर्मत रु.२,१४,०३८/-

वडा नं. २, ऐसेलुखर्क बाकाचोल सडक मर्मत रु. २,१४,०३८/-

वडा नं. ३, ऐसेलुखर्क ओढारे जाने बाटो मर्मत रु. १,०७,०००/-

वडा नं. ३, गैराघर बाटो सोलिङ रु. १,०७,०३८/-

वडा नं. ४, पैरे वडा कार्यालय सडक मर्मत रु. २,१४,०३८/-

वडा नं. ५, चाँपफेददेखि बाल्जीखोला बाटो सोलिङ तथा मर्मत रु.२,१४,०३८/-

वडा नं. ६, खामडाँडा ज्यामिरे सडक मर्मत रु. २,१४,०३८/-

वडा नं. ७, ऐसेलुखर्क माक्पा सडक मर्मत रु. २,१५,०७२/-

## निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा विपद व्यवस्थापन शीर्षकमा विनियोजित बजेटबाट रु. ५,००,०००/- मा नबढ्ने गरी जेनेरेटर खरिद गर्ने निर्णय गरियो ।

## निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा ऐसेलुखर्क माक्पा रावाखोला सडक वर्षादको कारण क्षती भएकोले विपद व्यवस्थापन कोषबाट खर्च गर्ने थरी रु.१०,००,०००/- विनियोजन गरियो ।

## निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा ऐसेलुखर्क बजार भस्मे देखि बौद्द आ.वि.सम्मको सडक मर्मत गर्न विपद व्यवस्थापन कोषबाट रु.२,००,०००/- विनियोजन गरियो ।

## निर्णय नं. १०

प्रस्ताव नं. १० माथि छलफल गर्दा २०७७ माघमा निर्माण भएको राखा सुम्तेल सडक निर्माणको भुक्तानी दिन बाँकी रकम प्रकृया पूरा गरी कन्टेन्जेन्सीबाट रु.१,५०,०००/- भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं. ११</u>**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा ऐसेलुखर्कको देसारे मुहान भएको खासा कंकु खा.पा. को मुहान संरक्षण गर्न रु.५०,०००/- कन्टेन्जेन्सीबाट भुक्तानी दिने निर्णय गरियो ।

**<u>निर्णय नं. १२</u>**

प्रस्ताव नं. १२ माथि छलफल माथि छलफल गर्दा व्यारेक ओढारे दिम्मा पातेल सडक वर्षादको कारण क्षती भएकोले विपद व्यवस्थापन शीर्षकबाट रु.१,००,०००/- मर्मत गर्ने निर्णय गरियो ।

**मिति २०७८ साल जेठ ७ गते शुक्रबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको १९ औं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**<u>प्रस्ताव तथा निर्णयहरुः</u>**

**१. विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं १ माथि छलफल गर्दा विपद व्यवस्थापन समिति ऐसेलुखर्कले मिति २०७८/०१/३१ र मिति २०७८/०२/०७ मा गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**२. संघीय सरकारको समपुरक कोषबाट भिरपानी ऐसेलुखर्क सडकलाई २ पटकVOK System बाट खर्च गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं २ माथि छलफल गर्दा संघीय सरकारको समपुरक कोषबाट भिरपानी ऐसेलुखर्क सडक पुरानो ठेकेदार रुजन तुवाचुङ जे.भि. र तुवाचुङ रुजन बुधिसरा जे.भि. लाई पुरानो दररेटमा VOK System बाट २ पटकको भुक्तानी गरी काम गराउने निर्णय गरियो । साथै भुक्तानी गर्ने निर्णय गरियो । VOK System बाट काम तथा भुक्तानी गरी बाँकी रहेको रकमबाट उपभोक्ता समिति गठन गरी काम गर्ने निर्णय गरियो ।

**३. प्रधानमन्त्री रोजगार कार्यक्रम योजना छनौट सम्बन्धमा ।**

प्रश्ताव नं ३ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा तेस्रो चरणमा प्राप्त हुन सक्ने रकम रु. ३८,७७,०००/- तपसिल बमोजिमको वडागत योजनामा विभाजन गर्ने निर्णय गरियो ।

तपसिल वडा नं. १

१. राखा सडक नाली निर्माण -रु.२,००,०००/-

२. राखा सडक सोलिङ-रु.२,००,०००/-

वडा नं. २

३. ऐसेलुखर्क बाकाचोल बादेल सडक स्तरोन्नती- रु. ५,००,०००/-

४. बादेल चमखु गोरेटो बाटो मर्मत-रु. १,५०,०००/-

वडा नं. ३

५. चित्रे सडक सोलिङ -रु. २,००,०००/-

६. ऐसेलुखर्क थामखर्क सडक सोलिङ-रु.१,५०,०००/-

७. ऐसेलुखर्क बगाले पातेल सडक स्तरोन्नती- रु.३,००,०००/-

८. ओडारे सडक सोलिङ रु. १,७९,०००/-

वडा नं. ४

९. बाबियोखर्क सडक स्तरोन्नती- रु.२,००,०००/-

१०. पोक्चे पैरे रमिते सडक सोलिङ-रु. ३,००,०००/-

वडा नं. ५

११. चाँपफेद वडा कार्यालय सडक सोलिङ- रु. ३,००,०००/-

१२. वनगाउँ सडक सोलिङ-रु.१,००,०००/-

वडा नं. ६

१३. फापरश्वरा सल्ले सडक स्तरोन्नती -२,००,०००/-

१४. धुलपुर आहाले सडक स्तरोन्नती- रु. २,००,०००/-

वडा नं. ७

१५. लेवा सडक मर्मत-रु. १,४८,०००/-

१६. थामखर्क रावाखोला सडक स्तरोन्नती-रु. २,५०,०००/-

१७. नोरुङ देसारे गोरेटोबाटो मर्मत -रु.१,००,०००/-

१८. लाउलीकु मुहान संरक्षण- रु. १,००,०००/-

१९. सती चिहान उत्थान- रु.१,००,०००/-

**मिति २०७८ साल जेठ १८ गते मंगलबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको २० औं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

<u>प्रस्ताव तथा निर्णयहरु</u>

**१.१९ औं बैठकको समिक्षा सम्बन्धमा ।**

प्रस्ताव नं १ माथि छलफल गर्दा १९ औं बैठकमा भएका निर्णयहरु सन्तोषजन रुपमा कार्यान्वयन भएको साथै सबै वडा कार्यालयहरुसँग समन्वय गरी कोभिड परीक्षणको दायरा बढाउने निर्णय गरियो ।

**२.शैक्षिक सत्र २०७७ को कक्षा १-९ सम्मको परीक्षाफल त्रैमासिक परीक्षाको अङ्कभार ४० र अर्धवार्षिक परीक्षाको अङ्कभार ६० कायम गरी २०७८ साल जेष्ठ २६ गते भर्च्युअल माध्यमबाट प्रकाशन गर्ने ।**

प्रस्ताव नं २ माथि छलफल गर्दा शैक्षिक सत्र २०७७ सालको कक्षा १-९ सम्मको परीक्षालाई आन्तरिक मूल्याङ्कन ( परीक्षाफल त्रैमासिक परीक्षाको अङ्कभार ४० र अर्धवार्षिक परीक्षाको अङ्कभार ६० कायम गरी) लाई आधार मानी कक्षान्नती गर्ने उद्देश्यले जेठ २६ गते नतिजा प्रकाशन गर्ने व्यवस्था मिलाउन शिक्षा शाखालाई निर्देश गर्ने निर्णय गरियो ।

**३. भिडियो एक्सरे मेसिन खरिद सम्बधमा ।**

प्रस्ताव नं ३ माथि छलफल गर्दा गाउँपालिकाको Procurement of Color Doppler USG Machine (भडियो एक्सरे) खरिद सम्बन्धमा यस गा.पा.को मौजुदा सूचीमा रहेका ३ वटा सूचीकृत फर्म/ कम्पनीबाट मूल्य सूची माग गरिएको, विज्ञबाट स्पेसिफिकेशन तयार गरिएको, गाउँपालिकाको मिति २०७७/१०/२२ को निर्णय अनुसार उक्त मेसिन खरिद गर्न लगत स्टिमेट कायम गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम मिति २०७७/१०/२३ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ३० दिनको म्याद दिइ विद्युतिय माध्यमबाट बोलपत्र आवह्रान गरिएको, १. MB MEDITECH Pvt. Ltd Itahari, Sunsari, २. Siddhartha Medical Pvt. Ltd, Ktm, ३. Purbanchal Biomedical Pvt. Ltd, Biratnagar,४. Medtronix Nepal Pvt. Ltd , Ktm, ५.Sunrise Surgical House Ltd., Ktm, ६. NIKKI Distributers Pvt.Ltd , Sunsari७. Health is Wealth Enterprises, Biratnagar, ८. Gosaikunda Medicine Suppliers, Ktm, ९. Sanjiwani Enterprices, Ktm गरी ९ वटा फर्म /कम्पनीबाट बोलपत्र पेश भएकोमा विषय विज्ञले पेश गरेको प्रतिवेदनको आधारमा गा.पा. अध्यक्ष श्री विश्वनाथ निरौलाको अध्यक्षतामा बसेको मूल्याङ्कन समितिको मिति २०७८/०२/०२ गतेको निर्णय अनुसार गा.पा.ले तयार गरेको स्पेशिफिकेशन अनुसार MB MEDITECH Pvt. Ltd Itahari, Sunsariमार्फत Procurement of Color Doppler USG Machine (भडियो एक्सरे) खरिद गर्ने निर्णय गरियो ।

**४. कोभिड-१९ मा खटिने कर्मचारीहरुको लागि प्रोत्साहन भत्ता सम्बन्धमा ।**

प्रस्ताव नं ४ माथि छलफल गर्दा मिति २०७८/०१/२५ गतेबाट कोभिडको समयमा खटिने गाउँपालिकामा कार्यरत कर्मचारीहरुकोप्रत्येक शाखाबाट उक्त कर्मचारीहरुको वास्तविकहाजिरी विवरण माग गरी सो विवरणमाथि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरीजोखिमको समयमा खटिने स्वास्थ्यकर्मी लगायत गाउँकार्यपालिकामा कार्यरत अन्य सेवा समूहका कर्मचारीहरुलाई मासिक तलबको शुरु स्केलबाट हुन आउने ५० प्रतिशतरकम स्वास्थ्यकर्मीहरुको हकमा स्वास्थ्यको सशर्त तलबभत्ता शीर्षकबाट र अन्य सेवा समूहको हकमा तलबभत्ता शीर्षकबाट प्रोत्साहन भत्ता उपलब्ध गराउने ।साथै मिति २०७८/०१/२५ बाट कोभिडको समयमा खटिने गाउँ प्रहरी, एम्बुलेन्स चालक लगायत स्वास्थ्यकर्मीहरुलाई गाउँपालिकाले व्यवस्था गरेको खानाखाजाको मिति २०७८/०२/१८ गतेसम्म हुन आउने खर्च रकम कोभिड कोषबाट गाउँपालिकाले पाहुना घर लज एण्ड रेष्टुरेन्टलाई भुक्तानी दिने र मिति २०७८/०२/१९ गतेबाट कोभिड नियन्त्रण तथा उपचारका लागि Fornt line df v6\g]चिकित्सक, स्वास्थ्यकर्मी, नर्सिङ, कार्यलय सहयोगी, गाउँप्रहरी, एम्बुलेन्स चालकहरुलाई खानाखाजा वापत दैनिक प्रतिव्यक्ति रकम रु.५००/- का दरले मात्र पाहुना घर लज एण्ड रेष्टुरेन्ट ऐसेलुखर्कलाई भुक्तानी दिने साथै कोभिड व्यवस्थापनमा खटिने ४ जना सुरक्षाकर्मी (प्रहरी) लाई दैनिक प्रतिव्यक्ति ५००/- को दरले खाजा खर्चउपलब्ध गराउने निर्णय गरियो ।

**५. कोभिड-१९ को आपतकालिन अवस्थामा एम्बुलेन्स चालकको सूचनालाई अनुमोदन गरी १ जना चालकको दरबन्दी सिर्जना गरी नियमानुसार सवारी चालक नियुक्ती गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं ५ माथि छलफल गर्दा एम्बुलेन्स चालकको लागि गाउँपालिकाबाट मिति २०७८/०२/०९ मा जारी भएको सूचना अनुमोदन गरी १ जना एम्बुलेन्स चालक नियमानुसार नियुक्ती गरी कर्मचारी तलबभत्ता शीर्षकबाट तलबभत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**६. भीरपानी-नोरुङ-ऐसेलुखर्क सडक स्तरोन्नतीको लागि दुवै ठेक्काबाट ठेक्का रकमको २५ प्रतिशतसम्म भेरियशन अर्डर (VO) गरी बाँकी रकम उपभोक्ता समितिमार्फत Hume pipe र तारजाली खरिद गरी कार्य सम्पन्न गराउने सम्बन्धमा ।**

प्रस्ताव नं ६ माथि छलफल गर्दा भीरपानी-नोरुङ-ऐसेलुखर्क सडक स्तरोन्नतीको लागि दुवै ठेक्काबाट ठेक्का रकमको २५ प्रतिशतसम्म भेरियशन अर्डर ( VO) गरी बाँकी रकम उपभोक्ता समितिमार्फत Hume pipe र तारजाली खरिद गर्ने र आवश्यकता अनुसार पालिकाको क्वाटरसम्मको सडकमा गिटि बिछ्याउने गरी कार्य सम्पन्न गराउने निर्णय गरियो ।

**७. वैकल्पिक उर्जा प्रवर्दन केन्द्रबाट प्राप्त विभिन्न शीर्षकको स-शर्त अनुदान रकम एकमुष्ट गरी रु. ११ लाखको नियमानुसार सडक बत्ती व्यवस्थापन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं ७ माथि छलफल गर्दा वैकल्पिक उर्जा प्रवर्दन केन्द्रबाट प्राप्त विभिन्न शीर्षकको स-शर्त अनुदान रकमहरु एकमुष्ट गरी रु. ११ लाखको नियमानुसार सडक बत्ती व्यवस्थापन गर्ने निर्णय गरियो ।

**८. कृषि पकेट क्षेत्रसँग सम्बन्धित फर्म तथा समूहसँग समन्वय गरी सम्झौता गरेर कार्य गर्ने गराउने सम्बन्धमा ।**

प्रस्ताव नं ८ माथि छलफल गर्दा कृषि पकेट क्षेत्रसँग सम्बन्धित फर्म तथा समूहसँग समन्वय गरी सम्झौता गर्ने गराउने निर्णय गरियो ।

**९. कोभिड व्यवस्थापन गर्ने सम्बन्धमा ६ बेडको कोभिड अस्पताल निर्माण गर्नको लागि रु. १,२३,०६०/-रकम कोभिड शीर्षकबाट भुक्तानी दिने व्यवस्था सम्बन्धमा ।**

प्रस्ताव नं ९ माथि छलफल गर्दा कोभिड व्यवस्थापन गर्ने सम्बन्धमा ६ बेडको कोभिड अस्पताल निर्माण गर्नको लागि लागेको खर्च रकम रु.१,२३,०६०/- कोभिड कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**१०. कोभिड कोषमा अन्य शीर्षकबाट रकम रकमान्तर गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं १० माथि छलफल गर्दा कोरोना महामारी दिनानुदिन बढिरहेको अवस्थामा कोभिड कोषमा गाउँ कार्यपालिकाबाट स्वीकृत भएका तपसिल बमोजिमका अन्य शीर्षकबाट रकम रकमान्तर गर्ने निर्णय गरियो ।

**तपसिल**

१. लोवरमिड रावा खोला हाईड्रोपावर सेयरबाट - रु.१२,५०,०००/-

२. शिक्षक अनुदानबाट- रु.१२,५०,०००/- गरी जम्मा रकम रु.२५,००,०००/- रकम रकमान्तर गरियो ।

**११. बन्दाबन्दी सम्बन्धी सूचना अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं ११ माथि छलफल गर्दा गाउँपालिकाबाट मिति २०७८/०२/१४ गते जारी भएको २०७८/०२/१५ देखि २०७८/०२/२१ सम्मकोबन्दाबन्दी सम्बन्धी सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**मिति २०७८ साल जेठ ३१ गते सोमबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको २१ औं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**
<u>प्रस्ताव तथा निर्णयहरु</u>

**१.२० औं बैठकको समिक्षा सम्बन्धमा :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा २० औं बैठकमा भएका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन हुनुका साथै सबै वडा कार्यालयहरुसँग समन्वय गरी आवश्यकता अनुसार कोभिड कार्य अगाडि बढाउने निर्णय गरियो ।

**२.गाउँपालिकाको गान प्रस्तुतीकरण तथा छलफल सम्बन्धमा :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाको गान छनौट तथा निर्माण सम्बन्धमा **ए वान नेपाली अपडेट प्रा.लि.** सँग भएको सम्झौता बमोजिम सो गानको प्रस्तुतीकरण पश्चात् छलफल सहित परिमार्जन गरी निर्माणकार्यलाई अन्तिम रुप दिन सर्वसम्मतिले निर्णय गरियो ।

**३. कोभिड-१९ को कारण भइरहेको बन्दाबन्दी सम्बन्धमा :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कोभिड-१९ को महामारीको प्रभाव हालसम्म पनि अपेक्षित रुपमा जोखिममुक्त भइ नसकेको अवस्थामा विगत २ महिनादेखि गरिदै आइएको बन्दाबन्दीलाई निरन्तरता दिदै १ हप्ता ( मिति २०७८/०३/०७ गते) सम्म थप गर्ने निर्णय गरियो साथै विगतमा गरिएको विपद व्यवस्थापन समितिको निर्णयलाई अनुमोदन समेत गर्ने निर्णय गरियो ।

**४.गाउँसभाको मिति तय गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गरी अन्तिम रुप दिन मिति २०७८/०३/१० गते गाउँसभा बोलाउने निर्णय सर्वसम्मतिले पारितगरियो ।

५ कार्यक्रमको शीर्षक मिलान गर्ने सम्बन्धमा

प्रस्ताव नं. ५ माथि गाउँकार्यपालिकाको मिति २०७८।०१।०२ को बैठकबाट ऐसेलुखर्क बगाले चौतारा राखा सडक निर्माणमा गा. पा. बाट ७ थान तारजाली दिने र तारजाली भर्न गा पा को विविध कोषबाट रु ४००००/- रकम उपलब्ध गराउने निर्णय भएकोमा पुनः मिति २०७८।०१।२४ को गाउँकार्यपालिकाको निर्णयबाट सोही सडक वर्षाका कारण क्षति भएकोले विपद् व्यवस्थापन शीर्षकबाट रु १ लाख मर्मत सम्भार खर्च दिने निर्णयमा ऐसेलुखर्क बगाले चौतारा राखा सडक हुनु पर्नेमा भूलवश व्यारेक ओढारे दिम्मा पातेल सडक हुन गएकोमा सो सडकको नाम शीर्षक २०७८।०२।०१ अनुसार सच्याई आयोजना सञ्चालन तथा सम्मन्न गर्ने निर्णय गरियो ।

**मिति २०७८ साल असार १० गते बिहीबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको २२ औं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

<u>प्रस्ताव तथा निर्णयहरु</u>

**१.आ.व. २०७७/०७८ मा अपूग हुन आएको मर्मत तथा ईन्धन खर्च थप सम्बन्धमा :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा अपूग हुन आएको मर्मत तथा ईन्धन खर्चमा समपूरक कोषबाट रु. ८,००,०००/- (अक्षरुपी आठ लाख रुपैयाँ मात्र) तानी खर्च गर्ने निर्णय गरियो ।

**२.बन्दाबन्दी सम्बन्धी सूचना अनुमोदन सम्बन्धमा :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा  मिति २०७८/०३/०८ गते गाउँकार्यपालिकाको कार्यालयबाट जारी भएको बन्दाबन्दी थप सम्बन्धी सूचना अनुमोदन गर्ने निर्णय गरियो ।

**३. आ.व. २०७६/०७७ मा भएको आइटम वाईज सम्बन्धी भेरियसनको वेरुजु नियमितता तथा अनुमोदन सम्बन्धमा :**

प्रस्ताव नं. ३ माथि छलफल आ.व. २०७६/०७७ मा भएका आईटम वाईज भेरियसनको वेरुजु नियमितता तथा अनुमोदन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**४.आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रमसम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल ऐसेलुखर्क गाउँकार्यपालिकामा तयार पारेको आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रममाथि व्यापक छलफल गरी गाउँसभामा मिति २०७८/०३/१० गते पेश गर्ने निर्णय गरियो ।

**मिति २०७८ साल असार २० गते आईतबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको २३ औं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

<u>प्रस्ताव तथा निर्णयहरु</u>

**१.सुरक्षित नागरिक आवास निर्माण कार्यक्रम अन्तर्गत फुसको छानो विवरण सम्बन्धमा :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा सुरक्षित नागरिक आवास निर्माण कार्यक्रम अन्तर्गत फुसको छानो विवरण सम्बन्धमा रु. २०,९८,०००/- रकम थप भएकोले उक्त रकम वडागत रुपमा तपसिल बमोजिमको घरधूरी लाभग्राहीलाई आगामि असार २४ गतेभित्र प्राप्तलाभग्राहीको बैंक खातामा प्रथम किस्ता पेश्की भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल**

| **क्र.स.** | **वडा नं.** | **घरधुरी संख्या** | **कैफियत** |
|---|---|---|---|
| १. | १ | ९ | |
| २. | २ | १२ | |
| ३. | ३ | १० | |
| ४. | ४ | ९ | |
| ५. | ५ | ९ | |
| ६. | ६ | ८ | |
| ७. | ७ | १२ | |

गरी जम्मा ६९ घरधुरीलाई प्रथम किस्ता पेश्की दिने निर्णय गरियो ।

**२.स्वास्थ्य शाखामार्फत कोभिड ईमर्जेन्सी बेड निर्माण सम्बन्धमा :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा स्वास्थ्य शाखामार्फत कोभिड ईमर्जेन्सी बेड निर्माण सम्बन्धमा मिति २०७८/०२/१८ गते बसेको गाउँकार्यपालिकाको प्रस्ताव तथा निर्णय नं. ९ मा निर्णयमा छुट हुन गएको थप रकम रु. २२,९६०/- (८२ वटा काठ प्रयोग भएको) कोभिड कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**३. कोभिड अस्पतालमा अक्सिजन मिनि प्लान्ट जडान तथा ढुवानी खर्च सम्बन्धमा :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा  कोभिड अस्पतालमा अक्सिजन मिनि प्लान्ट जडान गर्दा लागेको तपसिल बमोजिमको शीर्षकमा भएको खर्च रकम कोभिड कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल**

१. काठ खरिद- रु.५,६००/-

२.काँटी, हेन्डील, जाली- रु. ४,९५८/-

३. कामदार ज्याला- रु.३,३६०/-

४. खानाखाजा र बास- रु. १४,०९०/- गरी

५. ढुवानी भाडा खर्च - रु. ७०,०००/- गरी जम्मा रु. ९८,००८/- रकम कोभिड कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**४.प्रोत्साहन भत्ता सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँकार्यपालिकाको आर्थिक प्रशासन शाखामा कार्यरत लेखापाल श्री पङ्कज आचार्यलाई प्रशुती स्याहार बिदामा नबसी कार्यालयमा काम गरेवापत प्रोत्साहन स्वरुप निजको मासिक खाइपाइ आएको तलबभत्ताको १ महिनाले हुन आउने रकम तलबभत्ता शीर्षकबाट प्रोत्साहन भत्ता भुक्तानी दिने निर्णय गरियो ।

**५. तलब स्केल रकम सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा कार्यरत कार्यालय सहयोगी, ह.स. चालक, गाउँप्रहरी लगायत कर्मचारीहरुलाई आ.व. २०७८/०७९ बाट लागू हुने गरी नेपाल सरकारले तोके बमोजिमतलब भत्ता, महंगी भत्ता, स्थानीय भत्ता, रासन भत्ता (गाउँप्रहरी) पोशाक भत्ता, चाडपर्व खर्च तथा नियमानुसार पाउने सम्पूर्ण भत्ता दिने गरी करार सम्झौता गर्ने निर्णय गरियो ।

**६. सामुदायिक सिकाई केन्द्र समायोजन सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाभित्र रहेका तपसिल बमोजिमका सामुदायिक सिकाई केन्द्रहरुलाई तपसिलका विद्यालयहरुमा समायोजन गरी उक्त सिकाई केन्द्रमा कार्यरत सामाजिक परिचालकहरुलाई विद्यालयको मातहतमा कामकाज गर्ने गरी जम्मा मासिक रु. १५,०००/- दिने गरी शिक्षा शाखालाई परिपत्र गर्ने गराउने निर्णय गरियो।

**तपसिल**

| क्र.स. | साविकको सिकाई केन्द्र | समायोजन गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|
| १. | विश्व निकेतन सामुदायिक सिकाई केन्द्र माक्पा | माक्पा माध्यमिक विद्यालय, माक्पा | |
| २. | बौद्ध दर्शन सामुदायिक सिकाई केन्द्र | लाल बौद्ध आ.वि. | |
| ३. | ज्ञानोदय सिकाई केन्द्र बाकाचोल | बौद्ध आ.वि. झाँक्रीबास | |
| ४. | जलेश्वरी सामुदायिक सिकाई केन्द्र | सिम्ले मा.वि. | |

**७. रकम रकामान्तर सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७७/०७८ को भैपरी आउने पूँजीगत खर्चमा अपूग हुन आएको रकममा पावर हाउस लोडर मिल (वित्तीय) बाट रु. ५,००,०००/- रकम रकामान्तर गर्ने निर्णय गरियो ।

**मिति २०७८ साल असार २५ गते शुक्रबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको २४ औं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्ताव तथा निर्णयहरु**

**१. श्रमिक दुर्घटना विमा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं -७, माक्पा स्थायी ठेगाना भई आ.व. २०७७/०७८ मा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकृत बेरोजगार व्यक्ति लाभग्राही नं. १०५०२०३७८९१ को रुपेश कार्की थामखर्क माक्पा रावाखोला सडक स्तरोन्नती शीर्षकको योजनामा मिति २०७८/०२/११ गतेदेखि २०७८/०३/२३ गतेसम्मको लागि रोजगारीमा खटाइएकोमा मिति २०७८/०३/२३ गतेको दिन काम गर्दागर्दै माथिबाट झरेको पहिरोमा परि निजको खुट्टा भाचिएको र तत्काल ऐसेलुखर्क प्राथमिक स्वास्थ्य केन्द्रमा ल्याई प्राथमिक उपचार गरी काठमाडौं रिफर भइ उपचाररत रहेकोले प्रधानमन्त्री रोजगार कार्यक्रममा खटिने श्रमिकले प्राप्त गर्ने दुर्घटना बीमाको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**२. क्यारेन्टाइन व्यवस्थापन सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७८ साल जेठ २० गते बिहीबार ऐसेलुखर्क गाउँपालिकाको विपद व्यवस्थापन समितिको प्रस्ताव नं. १ को निर्णय नं. १ मानेपाली सेनाको क्वारेन्टाइन व्यवस्थापन सम्बन्धी भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त क्वारेन्टाइन व्यवस्थापनमा लागेको जस्तापाता, काटीजन्य आवश्यक सामाग्रीहरु खरिदमा लागेको रकम रु.२,५३,२३२/- र झ्यालढोका निर्माणको लागि आवश्यक काठ खरिदमा लागेको रकम रु.१०,०००/- गरी जम्मा रकम रु.२,६३,२३२/- (अक्षेरुपी दुई लाख त्रिसठ्ठी हजार दुई सय बत्तीस रुपैयाँ मात्र) विपद व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।